
# दाऊद ज्ञ




परमेश्वर इस्राएलहरूमाथि राजा हुन चाहनुहुन्थ्यो ।
निर्देशन तथा सुरक्षाको निम्ति तिनीहरू यहोवामाथि निर्भर रहेको उहाँ चाहनुहुन्थ्यो ।


तिनीहरूलाई मिश्रदेखि प्रतिज्ञाको देशमा ल्याउन परमेश्वरले ठूला ठूला अद्‌भूत आश्चर्यकर्महरू गर्नुभएको थियो ।


तिनीहरू प्रतिज्ञाको देशमा बसोबास गर्न थालेपछि तिनीहरूलाई तिनीहरूका शत्रुहरूदेखि छुटकारा दिन परमेश्वरले न्यायकर्ताहरू पनि खडा गर्नुभएको थियो ।
















न्यायकर्ता २:१८ ; १ शमूएल ७ :३ ; १


तपाईँ वृद्ध हुनुभयो र तपाईँका छोराहरू तपाईँका चालहरूमा हिँड्दैनन् ।
हामीलाई डोऱ्याउन हामीलाई एउटा राजा चाहिन्छ --
-- अरू जातिहरूका जस्तै राजा ।
हो, हाम्रो लागि एउटा राजा नियुक्त गरिदिनुहोस् । हामीलाई डोऱ्याउन अब तपाईँ पनि रहनुहुनेछैन ।
मानिसहरूको प्रत्युत्तरले शमूएल दुःखी भए र उनले तिनीहरूको अनुरोधको बारेमा परमेश्वरसित प्रार्थना गरे ।
मानिसहरूले तँलाई भनेका सबै कुरा सुन् ; तिनीहरूले तँलाई इन्कार गरेका होइनन्, तिनीहरूले मलाई राजा बनाउन इन्कार गरेका हुन् ।
"मिश्रबाट तिनीहरूलाई निकालेर ल्याएको दिनदेखि आजको दिनसम्म तिनीहरूले मलाई जे गरेका छन्, मलाई त्यागेर अन्य देवताहरूको सेवा गरेका छन्, तिनीहरूले तँलाई त्यसै गरिरहेका छन् ।"
"तिनीहरूको कुरा सुन् ; तर तिनीहरूलाई गम्भीर तासँग चेतावनी दिएर बताइदे कि राजाले तिनीहरूमाथि कस्तो शासन गर्नेछन् ।"


तिमीहरूले के माग्दैछौ तिमीहरूलाई थाहा छैन ।
यदि तिमीहरूले परमेश्वरलाई आफूमाथि शासन गर्न नदिई एउटा राजा रोज्यौ भने --
--उसले यसो गर्ने 'छ.......
उसले तिमीहरूका छोरहरूलाई आफ्ना रथहरू र घोडाहरूसँग काम गर्न लाउनेछन् ।
कसैकसैलाई उनले हजार हजार र पचास पचासका दलहरूमा अधिकारी नियुक्त गर्नेछन्......
कसैले उनका खेत खनजोछ गर्नेछन् र फसल काट्नेछन् ।
उसले तिमीहरूका छोरीहरूलाई अत्तर बनाउने, खानेकुरा बनाउने र रोटी बनाउने कामको लागि लानेछन् ।
आफ्ना पदाधिकारी र नोकर चाकरहरूलाई दिनका निम्ति उनले तिमीहरूका अन्नको र दाखको फसलको दशौँ अंश लानेछन् ।



१ शमूएल ८:११-१६


एक दिन यस्तो आउनेछ, जब तिमीहरूले चुनेको राजाबाट छुटकारा पाउन तिमीहरू कराउनेछौ ।
.......र त्यस दिन परमप्रभुले तिमीहरूलाई उत्तर दिनु हुनेछैन ।
अँहँ !
हामीमाथि राजा हुनैपर्छ ।
हामी पनि अरू जातिहरू जस्तै हुन सकूँ, र हाम्रा राजाले हामीलाई डोऱ्याऊन्, हाम्रा अघि अघि निस्कून् र हाम्रा लडाईँहरू लडिदिऊन् ।
मानिसहरूले भनेका कुरा सुनेपछि शमएलले फेरि पर मप्रभुको अगि दोहोऱ्याए ।
"तिनीहरूका कुरा सुन– र तिनीहरूका निम्ति एउटा राजा नियुक्त गर ।"

१ शमूएल ८:१८–२२


बिन्यामिनको कुलका एक जना मान्य मानिस थिए जसको शाऊल नाम गरेका एउटा छोरा थिए ।
शाऊल एक आकर्षक जवान मानिस थिए- जो उनी वरिपरिका सबै मानिसहरूभन्दा एक फुट अग्ला थिए ।
एक दिन शाऊलका पिताका गधाहरू हराए ।
शाऊल र उनका पिताका एक नोकर पहाडी देश र वरपरका सहरहरू हुँदो गधाहरू खोज्न गए ।
यस सहरमा परमेश्वरका खूब नाम चलेका एक जना मानिस छन् र तिनले सबै कुरा पूरा हुन्छ ।
हामीले तिनलाई के दिन सक्छौँ र ? हाम्रो झोलामा केही खानेकुरा छैन । परमेश्वरका जनको निम्ति केही सौगात पनि छैन ।
हामीसित के छ र ?
हे र्नुहोस्, मसित यहाँ चाँदीको एक चौथाइ शेकेल छ ।
के दर्शी यतै हुनुहुन्छ ?
हुनुहुन्छ । उहाँ तपाईँहरूभन्दा अगि जाँदै हुनुहुन्छ ।
छिटो जानुहोस् ; उहाँ भर्खरै सहरमा आउनुभएको छ, किनभने आज डाँडाको थानमा मानिसहरूले बलिदान चढाउनेछन् ।
डाँडाको थानमा पुग्नुअघि नै तपाईँहरूले उहाँलाई भेट्टाउनुहुनेछ । उहाँ नपुगुञ्जेलसम्म मानिसहरूले भोज खानेछैनन् किनकि उहाँले बलिदानमाथि आशीर्वाद दिनुपर्छ ।


तर शाऊल आउनुभन्दा एक दिन अघि नै परमप्रभुले शमूएललाई तयार गरिसक्नुभएको थियो .....
“यही समयमा बेन्जामीनको इलाकाबाट भोलि म एक जना मानिसलाई पठाउनेछु ।”
“त्यसलाई मेरो प्रजा इस्राएलको राजा अभिषेक गर् । त्यसले मेरा प्रजालाई पलिश्तीहरूका हातबाट छुटाउनेछ ।”
“मैले मेरो प्रजाको दुःख देखेको छु, किनकि यिनीहरूको क्रन्दन मेरा कानमा आइपुगेको छ ।”
“मैले तँलाई भनेको मानिस यही हो ; यही मानिसले मेरो प्रजामाथि शासन गर्नेछ ।”
दर्शीको घर कता हो मलाई बताइदिनुहुन्छ कि ?
दर्शी म नै हुँ ।

१ शमूएल ९:१४–१९


शमूएलले परमेश्वरले भन्नुबमोजिम गरेर शाऊललाई इस्राएलको पहिलो र ाजा अभिषेक गरे ।
शमूएलले शाऊललाई अभिषेक गरिसकेपछि उनले इस्राएलीहरूलाई भेला गराएर अन्तिम बिदाइको भाषण दिए ।
मैले तिमीहरूले भनेका सबै कुरा सुनेँ, र तिमीहरूमाथि राज्य गर्न राजा नियुक्त गरेको छु । अब यिनै राजा तिमीहरूका अगुवा भएका छन् । यदि तिमीहरूले परमप्रभु परमेश्वरको डर राखेर उहाँको आज्ञा पालन गर्‍यौँ र उहाँको आज्ञाको विरुद्धमा बागी भएनौँ भने, यदि तिमीहरू र तिमीहरूका राजा परमप्रभु परमेश्वरप्रति विश्वासी भयौ भने बेसै हो ! तर यदि तिमीहरूले परमप्रभुको आज्ञापालन गरेनौँ र तिमीहरू उहाँका आज्ञाप्रति बागी भयौ भने उहाँ तिमीहरूका विरुद्धमा खडा हुनुहुनेछ जसरी तिमीहरूका पुर्खाहरूको विरुद्धमा हुनुहुन्थ्यो ।
आफ्नो कुरा सिध्याइसकेपछि शमूएलले परमप्रभुलाई पुकारे र त्यहीँ दिन परमप्रभुले गर्जन र वृष्टि पठाउनुभयो ।
र मानिसहरू परमप्रभु र शमूएलको अगि भयभीत भए ।

१ शमूएल १२:१–१८




१ शमूएल १०:८, १३: ५-९




१ शमूएल १३:१०-१४


पलिश्तीहरूले निरन्तर इस्राएलमाथि आक्रमण गरि नै रहे र उनीहरूले डर को कारणले इस्राएलीहरूलाई तरवार र भाला बनाउन दिएनन् ।
इस्राएलीहरू आ-आफ्नो फाली, को दालो, बन्चरो र हँसिया उध्याउन पनि पलिश्तीहरूकहाँ जानुपर्थ्यो ।
केवल शाऊल र जोनाथनसित मात्र तरवार थिए ।
तर एकदिन, उसका पिता छाउनीबाहिर बसेर जब त्यस गम्भीर परिस्थितिमाथि घोत्लिँदै थिए, तब शाऊलका छोरा जोनाथनलाई एउटा उपाय सुझ्यो ।
आऊ ; हामी ती बेखतनेहरूको चौकीतिर जाऔं । सायद परमप्रभुले हाम्रो पक्षमा काम गर्नुहुनेछ । हामीलाई बचाउनुदेखि कुनै कुराले उहाँलाई रोक्न सक्तैन, चाहे हामी धेरै होऔँ चाहे थोरै ।
तपाईँलाई जे ठीक लाग्छ, गर्नुहोस् । तपाईँ जे गर्नुहुन्छ, म तनमनले तपाईँलाई साथ दिन्छु ।


पलिश्तीहरूको चौकी डाँडाको पारिपट्टि थियो ।
चौकीलाई त्यस  स्थानबाट हटाउन एउटा ठूलै सैन्यदलको आवश्यकता पर्दथ्यो ।
हामी नाघेर पारिपट्टि जाऔँ र उनीहरूले हामीलाई देखून् । यदि 'हामी नआउञ्जेल तिमीहरू त्यहीँ बसिरहु' भनी उनीहरूले भन्छन् भने हामी आपू बसिरहेकै ठाउँमा बसिरहौँ र उनीहरूका नजाऔँ । तर यदि उनीहरूले 'यहाँ हामीकहाँ उक्लेर आओ' भनेर भन्छन् भने हामी उक्लेर जाऔँ किनभने परमप्रभुले उनीहरूलाई हाम्रा हातमा सुम्पिदिनुभएको रहेछ भन्ने त्यो हाम्रा लागि एउटा चिह्न हुनेछ ।
अगि बढ्नुहोस्, तपाईंलाई म तनमनले साथ दिन्छु ।
हेर त, हिब्रुहरू आपू लुकेका प्वालहरूबाट निस्कँदैछन् ।
यहाँ हामीकहाँ उक्लेर आओ । हामी तिमीहरूलाई पाठ सिकाउनेछौँ।



१ शमूएल १४:८-१२




१ शमूएल १४:१२-१४


तब छाउनी र रणभूमिमा भएको सेनमा आतङ्क छायो । चौकीमा र लुट्न दलमा भएका मानिसहरू पनि भयभीत भए । यो आतङ्क परमेश्वरले पठाउनुभएको थियो ।
जमिन काँपिरहेको छ !
हिब्रुहरूका परमेश्वरले पक्कै हाम्रो विरुद्ध लडिरहनुभएको छ ।
हजूर, पहरमा बस्नेहरूले पलिश्ती सैनिकहरू जताततै भागदौड गरिरहेका देखेका छन् । तिनीहरूबीच खैलाबैला मच्चिएको छ । के भइरहेको हो, हामीहरूलाई केही थाहा छैन ।
हामीले मानिसहरू गन्ती गर्‍यौँ र हामीले जोनाथन र तिनका हतियार बोक्नेलाई कतै भेट्टाएनौँ ।
युद्धभूमितिर लागौँ !
मैले मेरा शत्रुहरूलाई आफैँले बदला लिई नसकुञ्जेल कुनै सैनिकले केही पनि नखाओस् भनी उर्दी जारी गर ।
तर परमेश्वर तिनीहरू अघि नै गइसक्नुभएको थियो ।
पलिश्तीहरू पूरै अन्योलतामा थिए र आफू आफूमै लडाइँ गरिरहेका थिए ।
यस युद्धमा जोनाथन सहभागी भएको हुनुपर्छ भनी मलाई लागिरहेको छ.......


त्यो मह त सुनभन्दा पनि राम्रो देखिन्छ ।
त्यसलाई नछोऊ, मूर्ख ।
राजाको आज्ञा उल्लङ्घन गरेर ज्यान गुमाउनु पर्ला नि ।
बाँकी रहेका शत्रुहरूलाई नष्ट गर्न यही महले मलाई शक्ति दिनेछ ।
युद्धपछि जोनाथनले जानाजान मह खाएको कुरो पत्ता लाग्यो । आज्ञा उल्लङ्घन गरेकोमा शाऊलले आफ्नै छोरोलाई मृत्युदण्ड दिन खोजे तर सैनिकहरू र अधिकारीहरूले हस्तक्षेप गरे ।
के जोनाथन मारिने ? ती नै जोनाथन जसले इस्राएलको निम्ति यस्तो ठूलो विजय प्राप्त गरेका छन् ?
जीवित परमप्रभुको नाउँमा हामी भन्दछौँ कि तिनको एउटा केश पनि भुइँमा खस्न पाउनेछैन किनकि तिनले आज परमेश्वरको सहायताले काम गरेका छन् ।
र सैनिकहरूकै जित भयो र तिनी मारिएनन् ।




१ शमूएल १५:१ -१६:१


बेथलेहमको सहरमा पुगेर शमूएलले यिशैका सबै छोरा हरूलाई बोलाउन पठाए ।
निश्चय यिनै परमप्रभुको सामु उहाँका अभिषिक्त राजा हुन् ।
“त्यो सुन्दर र अग्लो भए तापनि त्यसको ख्याल नगर् मैले त्यसलाई इन्कार गरेको छु ।”
“परमप्रभुले मानिसले झैं हेर्नुहुन्न ।”
“मानिसले रूप हेरेर विचार गर्छ, तर परमप्रभुले हृदय हेरेर विचार गर्नुहुन्छ ।”
तपाईँका छोरा हरू यति नै हुन् ?
अझ एउटा कान्छो पनि छ --
--तर त्यो त भेडा चराउँदैछ ।
त्यसलाई बोलाऊ । ऊ नआउञ्जेल हामी खाना खानेछैनौँ ।
ऊ आइपुग्यो ।
“उठेर त्यसलाई अभिषेक गर् । व्यक्ति यही हो ।”
शमूएलले तेल भएको सीङ लिएर तिनका दाजुहरूका सामु तिनलाई अभिषेक गरे र त्यहीँ दिनदेखि परमप्रभुको आत्मा दाऊदमाथि शक्तिका साथ आउनुभयो ।

१ शमूएल १६:५-१३




१ शमूएल १६:१४–२३


लगत्तै, पलिश्ती सेनाहरूले युद्धको निम्ति इस्राएलको सोकोमा आफ्नो फौज जम्मा गरे र इस्राएलीहरू पनि भेला भएर एलाहको बेँसीमा छाउनी हाले ।
पलिश्तीहरू एउटा डाँडामा र इस्राएलीहरू अर्को डाँडामा ठाउँ ओगटेर बसे ।
तर इस्राएलीहरूका शत्रुहरूले एउटा गुप्त हतियार ल्याएका थिए ।
गातका गोल्यत नौ फिट अग्लो थिए ।
उसले पहिरेका हातहतियारहरू मात्रै ५७ किलो थियो ।
उसको भालाको लट्ठी कपडा बुन्ने जुलाहाको डन्डा जत्रो थियो र भालाको टुप्पो मात्रै सात किलो थियो ।
ऊ वास्तवमै अजेय झैँ देखिन्थ्यो ।


हरेक दिन ऊ इस्राएली सेनालाई उपहास गर्न र चुनौती दिन आउँथ्यो ।
तिमीहरू किन लडाइँ गर्नलाई आउँछौ ?
के पलिश्ती होइन र ? अनि के तिमीहरू शाऊलका सेवकहरू होइनौ र ?
मसँग लड्नलाई तिमीहरूको मानिस चुन र त्यो मकहाँ आओस् ।
यदि एक्लै लडेर त्यसले मलाई मार्न सक्यो भने हामी तिमीहरूका कमारा हुनेछौं तर यदि मैले त्यसलाई जितेर मारेँ भनेँ तिमीहरूले हाम्रा कमारा भएर हाम्रो सेवा गर्नुपर्नेछ ।



१ शमूएल १७:८–१०




१ शमूएल १७:१७-३०




१ शमूएल १७:३१-३५


तपाईंको दासले सिंह र भालू दुवैलाई मारेको छ। यस बेखतने पलिश्तीको दशा पनि त्यस्तै हुनेछ किनकि यसले जीवित परमेश्वरको सेनालाई चुनौती दिएको छ।
सिंह र भालूदेखि बचाउनुहुने परमप्रभुले यस पलिश्तीको हातदेखि प मलाई बचाउनुहुनेछ।
त्यसो भए जाऊ र परमप्रभु तिमीसँग होऊन्।
शाऊलले दाऊदलाई हातहतियार दिए....
यी लगाएर म जान सक्तिनँ, किनभने यी लगाउने मेरो बानी छैन।
दाऊदले खोलामा गए र त्यस पलिश्तीसँग सामना गर्न त्यहाँबाट पाँच ओटा चिल्ला चिल्ला ढुङ्गाहरू टिपे।
ऊसित हतियारै छैन!
हतियारै विना रक्तपिपासु दैत्यको सामना गर्न हिँडेको .....
पक्कै पनि त्यो पागल भयो......
कि त उसले शक्तिशाली परमेश्वरको सेवा गर्दछ।






१ शमूएल १७: ४२-४५


आजको दिन परमप्रभुले तँलाई मेरो हातमा सुम्पनुहुनेछ, र म तँलाई मारेर तेरो टाउको काट्नेछु ।
आज पलिश्तीहरूका लाश म आकाशका चरा र जमिनका जनावरहरूलाई खुवाउनेछु, र इस्राएलमा एउटा परमेश्वर हुनुहुँदोरहेछ भनी सारा संसारले थाहा पाउनेछ ।
यहाँ भेला भएका सबैले जान्नेछन् कि परमप्रभुले न त तरवार, न भालाद्वारा बचाउनुहुन्छ । किनभने लडाइँ परमप्रभुकै हो, र उहाँले तिमीहरू सबैलाई हाम्रा हातमा सुम्पिदिनुहुनेछ ।
पलिश्ती दाऊद भएतिर बढ्न लाग्यो, तर दाऊद तिनीतिर अगि कुदेर गए





१ शमूएल १७:४९




१ शमूएल १७:४९




१ शमूएल १७:५०-५१


जब पलिश्तीहरूले आफ्नो वीर पुरुष मारिएको देखे, तब उनीहरू फर्के 'र भागे। तब इस्राएल र यहूदाका मानिसहरूले तुरुन्तै युद्ध ध्वनि उठाए र पलिश्तीहरूलाई तिनीहरूको मूलढोकाहरूसम्मै खेदेर लगे।
तब इस्राएलीहरूले उनीहरूको छाउनी लुटे।
तर दाऊले गोल्यतको टाउको बोकेर यरूशलेम ल्याए र त्यसका हतियारचाहिँ आफ्नै पालमा राखे।



महान् दाऊदको जय होस् !
दाऊद, दैत्य विजेता !
हो, दाऊद मह हुन् !
एउटा महान् योद्धाको उदय भएको छ !
परमेश्वर साँच्चि नै हामीसित हुनुहुन्छ !
अब हामीले हाम्रा सबै युद्धहरू जित्न सक्नेछौँ !
राजाले तिमीसित कुरा गर्न चाहानुभएको छ ।
गोल्यतलाई मारेर तिमीले सबैको ध्यानाकर्षण गराएका छौ ।
दैत्यलाई मार्ने शूर वीरको नाउँ के जान्न सक्छु ?
म हजूरको दास बेथलेहमवासी यिशैको छोरो हुँ ।



के तिमीले सुन्यौँ ? एउटा ठिटोले त्यो दैत्य गोल्यतलाई मारे को कुरा !
यो साँचो हो – एउटा ठिटोले ।
को हो तिनी ?
दाऊद । बेथलेहमका दाऊद ।
दाऊदले त्यस दैत्यमाथि पाएको अपत्यारिलो खबर सबै गाउँ र इस्राएलका सहरभरि वनको डढेलो झैँ फैलिन थाल्यो ।
दाऊदको ख्याति तथा नाम तीव्र रूपमा बढ्न लाग्यो ।
ठिटो सुन्दर छ !
दैत्यलाई मार्ने व्यक्ति !
यहोवाद्वारा आशिषित तथा संरक्षित व्यक्ति । परमेश्वर तिनीसित हुनुहुन्छ ।
बलियो र शुरो पनि !
राजकीय घरानामा तिमीलाई निजी कोठा दिइएको छ ।
शाऊल राजाले दाऊदलाई आफ्नै महलमा ल्याए र उनलाई आफ्नो घर परिवारमा फर्कन दिएनन् ।


१ शमूएल १८:२